सहकारी संस्थाका कर्मचारी तथा पदाधिकारीहरुलाई सहकारीता सम्बन्धी तालिम

# कार्यक्रमको प्रतिवेदन

## अन्नपूर्ण गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## पोखरेबगर म्याग्दी ।

श्री सहकारी शाखा।
(१) सम्बन्धित फाइलमा पेश गर्नुहोला।
(२) Website upload गर्ने।
२०८०/३/१८

**तयार गर्ने**

**प्रशासन/सहकारी शाखा**

**अन्नपूर्ण गाउँपालिका**

## १. कार्यक्रमको नामः

सहकारी संस्थाका कर्मचारी तथा पदाधिकारीहरुलाई सहकारीता सम्बन्धी तालिम

## २. पृष्ठभूमि

विद्मान ज्ञान,सीप, क्षमता र दक्षतामा अभिवृद्दि गरी कुनै पनि संस्थामा कार्यरत जनशक्तिको धाराणात्मक एवं व्यवाहारिक परिवर्तन ल्याउने औजारलाई तालिम भनिन्छ । तालिमले कर्मचारीमा विद्यमान कमि कमजोरिमा सुधार ल्याउदै तालिमका अभावका कारण हुनसक्ने कार्यसम्पादन विचलनलाई सुधार ल्याउनमा ठोस योगदान पुर्याउँछ । कुनै पनि संगठनका सम्पत्तिका रुपमा रहने मानव संसाधनलाई सधै धारिलो वनाउंन तालिमले महत्वपूण योगदान पुर्याउँछ, तालिमको अभावमा कर्मचारी भुत्ते वन्न गइ संगठनको समग्र उत्पादकत्वमा प्रतिकुल असर पार्दछ।

नेपालको संविधानमा संघ प्रदेश र स्थानीय तहको एकल अधिकार क्रमशः अनुसुची ५ ६ र ८ का साथै साझा अधिकार सूची अनुसूची ७र ९ समेतमा सहकारी नियमन सहकारी संस्था वा सहकारी विषय पर्दछ । नेपाल सरकार मन्त्रीपरीषद बाट मिति २०७३।१०।१८ मा स्वीकृत नेपालको संविधानको अनुसूची ५ ६ ८ र ९ मा उल्लीखित संघ प्रदेश र स्थानीय तहका अधिकारहरुको कार्य विस्तृतीकरणमा अन्य कुराका अतिरिक्त स्थानीय सहकारी संस्था दर्ता अनुमति खारेजी र विघटन स्थानीय तहको अधिकारभित्र पर्ने गरी प्रष्ट पारीएको छ ।

अन्नपूर्ण गाउँपालिकाको कार्यक्षेत्र भित्र रहेका सहकारीहरुको सञ्चालन यस गाउँपालिकाको प्रत्येक्ष अनुगमन र नियमनमा हुने भएकाले हाल भईरहेका सहकारी अवस्था र भाविदिनमा यी निकायहरुको संस्थागत विकासको लागि चालु आ. व ०७९/०८० मा सहकारी शिर्षकमा रु ५ लाख बजेट विनियोजन भएको र यस गाउँपालिकामा रहेको सहकारी शाखा र माताहतका सहकारी संस्थाहरुविचको सम्बन्धलाई सशक्त बनाई प्रभावकारी रुपमा कार्यसञ्चालन गर्ने अभिप्रायले यस कार्यक्रम सञ्चालन गरीएको थियो ।

## ३. तालिमको विषयवस्तु र समयावधि

माग र आवश्यकता (Demand & NeedBased) मा आधारित २ दिनसम्म सञ्चालन भएको यस नेतृत्व तथा क्षमता विकास तालिम मुख्य विषयवस्तुहरु निम्नानुसार रहेका थिए ।

- सहकारीको आधारभुत पक्ष
- कानुनी पक्ष
- व्यबस्थाप्रकीय पक्ष
- सहकारी सम्बन्धी समसायीक विषयबस्तु
- संस्थागत विकासका मुलभुत पक्षहरु

## ४. तालिमका सहभागी र छनौट विधि

यस गाउँपालिका अन्तरगत रहेका प्रत्येक सहकारीबाट १ जान कर्मचारी र २ जान सञ्चालक समितिका पदाधिकारीहरुलाई Purposive Sampling विधिको प्रयोग गरी सहभागीताको रुपमा छनौँट गरिएको थियो ।

**५. कार्यक्रम सञ्चालन गर्ने स्थान**: अन्नपूर्ण गाउँपालिकाको कार्यलयको हल

**६. कार्यक्रम कार्यान्वयन गर्ने निकाय**: अन्नपूर्ण गाउँपालिका

**७. कार्यक्रमको अवधि र सञ्चालन स्थल**:

कार्यक्रम मिति २०८०।०२।३० गते र ऐ. ३१ गतेसम्म अन्नपूर्ण गाउँपालिका सभाहल पोखरेवगरमा दैनिक विहान १० बजे देखि बेलुका ४:०० बजेसम्म सन्चालन भएको थियो ।

## ८. कार्यक्रमको कार्यविधि:

प्रस्तावित कार्यक्रम आर्थीक, भौतीक र मानवसंसाधनको पुर्ण व्यबस्थापन गरी कार्यक्रमलाई उद्धाटन शत्र र प्रशिक्षण शत्र गरी २ चरणमा विभाजन गरीएको थियो । कार्यक्रमको अध्यक्षता आर्थिक विकास समितिका संयोजक श्री खम बहादुर गर्बुजा पुनले गर्नु भएको थियो भने प्रमुख अतिथीको रुपमा गाउँपालिकाका उपाध्यक्ष श्री दिवा कुमारी तिलिजा पुनले पाल्नुभएको थियो उक्त तालिमा कार्यक्रममा यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री अमृत सुवेदी वडा नं ३ र वडा नं ५ का वडा अध्यक्षहरु अतिथिको रुपमा पाल्नुभएको थियो । राष्ट्रिय सहकारी बैकका कर्मचारी श्री राम बहादुर वि सी लाई प्रशिक्षकको रुपमा आमन्त्रण गरी सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा यस गाउँपालिका भित्र रहेका १३ वटा विभिन्न प्रकृतिका सहकारीहरुको सञ्चालक समितिको अध्यक्ष उपाध्यक्ष तथा प्रवन्धकहरुको सक्रीय सहभागीता रहेको थियो । सहभागी मैत्री

बातावरणमा अन्तरक्रियात्मक प्रवचन विधि, प्रश्नोउत्तर विधि, छलफल विधि, मष्तिष्क मन्धन विधि, आदीको प्रयोग जस्ता समय सान्दर्भिक विधि र प्रविधिहरुको प्रयोग गरि कार्यक्रम अझ थप रोचकमय बनाईएको थियो। कार्यक्रमको समापन शत्रमा प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीज्युको सहभागीलाई थप उत्पेरणा र प्रशिक्षकलाई धन्यवाद ज्ञापन सहित समापन गर्नु भएको थियो।

## ९. वित्तीय खर्चको विवरण:

| क्र.स. | खर्च शिर्षक | जम्मा खर्च रु. | करकट्टी रु. | खुद खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | खाजा | १२९०० | १९३।५ | १२७०७ | |
| २ | सहभागी खाना विहान र प्रशिक्षक र उदघाटन शत्रमा उपस्थित अतिथीको खाना र खर्च आवास (विहान/बेलुका) | ११९०० | १७८।५ | ११७२२ | |
| ३ | प्रशिक्षक भत्ता | १८००० | २७०० | १५३०० | |
| ४ | सहभागी भत्ता | ४४८०० | ६७२० | ३८०८० | |
| ५ | संयोजक र सहयोगी भत्ता | ११०० | १६५ | ९३५ | |
| ६ | प्रतिवेदन खर्च | १५०० | २२५ | १२७५ | |
| ७ | स्टेशनरी | ५००० | ७५ | ४९२५ | |
| ८ | प्रशिक्षक यातयात भत्ता | ३००० | - | ३००० | |
| ९ | व्यानर | १००० | १५ | ९८५ | |
| | जम्मा | ९९२०० | १०११७ | ८८९२८ | |

१०.  तस्विरहरुः


सहकारी संस्थाका कर्मचारी तथा पदाधिकारीहरुलाई
२ दिने तालिम कार्यक्रम
आयोजक :
अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
मिति : २०८० जेष्ठ ३० र ३१ गते
स्थान : अन्नपूर्ण गा.पालिकाको सभाहल




२ दिने तालिम कार्यक्रम

**११.तालिम कार्यक्रमको उपलब्धीः**

- सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुमा सहकारीको मुल्य मान्यता सिद्धान्त संस्था संचालन तथा व्यबस्थापनका आधारभुत पक्षहरुको जानकारी गराई सोही बमोजिम सहकारीपनमा आधारीत रहेर संस्था संचालन तथा व्यबस्थापन गर्न उत्पेरीत भएको ।
- सहकारी संस्थाहरुमा सहकारी सिद्धान्तको पालना आन्तरीक नियन्त्रण तथा सुशासनको अवस्थामा सुधार ल्याउने प्रतिवद्धता गरेको ।
- सहकारीमा सम्पती शुद्धीकरण निवारण सहकारी सम्बन्धी व्यबस्थापन सूचना प्रणाली तथा स्रोत परिचालन र कोष व्यबस्थापन सम्बन्धी विषयमा जानकारी भएको ।
- सहभागीहरुलाई संस्था संचालन तथा व्यबस्थापनको लागि रणनीति तर्जुमा तथा रणनितिक कार्ययोजना बनाई सोही अनुरुप संस्था संचालन तथा व्यबस्थापनमा प्रभावकारी भएको ।

१२. निष्कर्षः

दुई दिने तालिम कार्यक्रममा सहभागीहरुको सक्रिय सहभागीता रहेको थियो । उक्त कार्यक्रममा सहभागीहरुले विगतका दिनमा क्षमता विकासका कार्यक्रम नभएको भन्ने गुनासो र कृषि सहकारीहरुको स्तरउन्नतीका लागि आगामी दिनमा सहकारीहरुको प्रवर्द्धनमा बजेट विनियोजन तथा प्रवर्द्धनमा ध्यान दिनुपर्ने देखिएको छ । भने विभिन्न प्रकृतीका क्षमता विकासका कार्यक्रमहरु नियमित र निरन्तर रुपमा सञ्चालन गर्नुपर्ने सुझावहरु प्राप्त भएको थियो जुन आवश्यक पनि छ ।

पेश गर्ने

श्री भगवती खड्का कटुवाल

अधिकृत सातौं